# लेकम गाउँपालिका

आर्थिक वर्ष २०८१/०८२
नीति तथा कार्यक्रम

पन्ध्रौँ गाउँसभाको नीति तथा कार्यक्रम सार्वजनिकिकरण सत्रमा उपस्थित लेकम गाउँपालिका उपाध्यक्षज्यू, निवर्तमान गा.पा. अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत, लेकम गाउँपालिकाका ६ वटै वडाका वडाका वडा अध्यक्षज्यहरु, गाउँ कार्यपालिका सदस्यज्यहरु, गाउँसभाका सदस्यज्यहरु, सुरक्षा निकायका प्रमुखज्यू, राजनीतिक दलका प्रतिनिधिज्यहरु, भुतपूर्व जनप्रतिनिधिज्यहरु विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यहरु, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण लेकमका आदरणीय आमा-बुवा, दाजुभाई तथा दिदि बहिनीहरु,

यस गाउँपालिकाको आ.व २०८१/०८२ को नीति तथा कार्यक्रम यस गरिमामय पन्ध्रौ गाउँसभा समक्ष प्रस्तुत गर्न पाउदा म अत्यन्त खुसि भएको छु। स्थानीय सरकार नेपाली जनताको त्याग बलिदानीपूर्ण लामो संघर्षको उपलब्धि हो। बलिदानीपूर्ण संघर्षबाट प्राप्त र ऐतिहासिक संबिधानसभाबाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तहहरुको अधिकारहरुलाई अभ्यास गर्ने अभियान अगाडी बढि रहेको छ । यस अवसरमा गणतन्त्र प्राप्तिका लागि जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु साथै विभन्न आन्दोलनका क्रममा घाइते वेपत्ता नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु। राजनीतिक, सामाजिक परिवर्तनका नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आभार प्रकट गर्दछु ।

हामी एक स्वाभिमान र सार्वभौमसत्ता सम्पन्न मुलुकका नागरिक हौ। प्राकृतिक भू–बनोट र आर्थिक पछौटेपनको कारणले हाम्रो वर्तमान परिवेश जटिल एवं चुनौतिपूर्ण भएता पनि भविष्य उज्वल र सम्भावना युक्त छ। नेपालमा संघीय लोकतन्त्र सहितको गणतन्त्रात्मक शासन प्रणाली स्थापनार्थ विभिन्न कालखण्डमा नेपाली जनताले गरेको त्यागले सिर्जित वर्तमान अवसरलाई आर्थिक ,सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरि जनचाहना पुरा गर्ने अबको हाम्रो बाटो भनेकै चुनौतीका बीच पनि निरन्तर आर्थिक बिकास गर्ने हो। आत्मनिर्भर र स्वाधिन अर्थतन्त्र निर्माण गर्न स्वच्छ प्रतिस्प्रधात्मक अर्थ व्यवस्था हाम्रो प्रस्थान बिन्दु हो । समाजवाद उन्मुख अर्थतन्त्र हाम्रो गन्तब्य हो । परिवर्तनलाई सस्थागत गरि विकास र आर्थिक संवृद्धि आत्मसाथ गर्ने वर्तमान परिवेशमा प्रत्यक्ष र अर्पत्यक्ष रुपमा कुशल भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण लेकम गाउँपालिका बासी र सबै शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

लेकम गाउँपालिका लोकतन्त्रका आधारभूत मूल्य–मान्यता,मानवअधिकार, सामाजिक न्याय, सहकार्य–सहअस्तित्व र समन्वयको सिद्वान्तलाई आत्मसाथ गर्दै विधिको शासन प्रति पूर्ण प्रतिबद्ध छ ।

लोकतन्त्रको अभ्यास संगसंगै शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सम्पूर्ण लेकम बासि आम जनसमुदायले गर्न सकुन भन्नेमा अत्यन्त सचेत छु ।

गाउँपालिकाको भौगौलिक, सामाजिक, आर्थिक विविधता तथा साँस्कृतिक एकतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न योजनाबद्ध र प्राथमिकताको आधारमा विकास निर्माणका कामहरु हुनुपर्दछ भन्नेमा गाँउपालिका प्रतिबद्ध छ । संघीय सरकारले अंगालेको “संमृद्ध नेपाल सुखी नेपाली” भन्ने मान्यतामा आधारित

जनउत्तरदायी, पारदर्शी, मेहनति र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई मार्ग दर्शनका रुपमा ग्रहण गरेको छु ।

नेपालको संबिधानको अधिनमा रही स्थापित लेकम गाउँपालिका एक पृथक पहिचान बोकेको गाउँपालिका हो । यस स्थानीय सरकारलाई सार्थक, समृद्ध र सक्षम एवंम सफल बनाउन आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित सभा समक्ष उपस्थित भएको छु ।
नीति तथा कार्यक्रमलाइ तर्जुमा गर्दा नेपालको संबिधान र प्रचलित ऐन–कानुनहरुले औल्याएका विषय बस्तु, दिगो बिकासका लक्ष्य, १६औँ योजना, मध्यकालिन खर्च संरचना समेत आँकलन गरि यस सभामा प्रस्तुत गर्न उपस्थित भएको छु ।

उपस्थित महानुभावहरु,

अव म यस आर्थिक वर्षमा भएका विकास निर्माण तथा सेवा प्रवाह र सुशासनमा गरिएका प्रयास र उपलब्धीहरुलाई संक्षिप्त प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- प्रशासकीय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको र आगमी आ.व. को असोज मसान्त सम्म निर्माण कार्य सम्पन्न हुने विश्वास लिएको छु । सम्पन्न पश्चात आवश्यक डेकुरेसन तथा सजावटको काम मंसीर मसान्त सम्म सम्पन्न गरी पौष १ गते देखि प्रशासकीय भवनबाट सेवा प्रारम्भ गरिनेछ । यसवाट संस्थागत क्षमता अभिवृद्धि भइ सेवा प्रवाह छिटो, छरितो र सरल हुन गई सेवा प्रवाहमा थप सहज हुने विश्वास लिएको छु ।
- यस आ.व.मा गोकुले लाली सडक खण्डको बगौरा मानबिसा सडक, रातामाटा कुणी सर्मोली गराडी क्षेत्र सडक सञ्जालमा जोडिए सँगै गाउँपालिका सबै वडाहरु तथा वडा कार्यालयहरु सडक सञ्जालमा जोडिएका छन् ।
- पहिरोको कारण अवरुद्ध भएको ऐरिछना धनथाला सडक खण्डको गोदाली क्षेत्रमा ट्रयाक खोलि यातायात सञ्चालनमा ल्याईएको र रिठाचौपाताको सल्टुडामा आवश्यक संरचना निर्माण गरि यातायात सञ्चालनमा ल्याईएको छ ।
- ट्रयाक खोलिएका सम्पूर्ण सडकहरु नियमित सञ्चालन हुने गरी सडक सरसफाई गर्ने कार्य निरन्तर गरिएको छ ।
- सामाजिक सुरक्षा भता वितरणलाई जेष्ठ तथा अशक्त लाभग्राहीहरुको चाहनाअनुरुप घुम्ति सेवा प्रवाह गरी बैंकिङ सेवा मार्फत वडा कार्यालय मै वितरण गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई लाभग्राहीको हितकेन्द्रित गरिएको छ ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण गरिएको छ ।
- स्थानीय तह संस्थागत स्वमूल्यांकन र स्थानीय तह वित्तिय जोखिम मूल्यांकनको नतिजा लाई आघिल्लो आर्थिक वर्षको मूल्यांकनको तुलनामा शत प्रतिशत अभिवृद्धि भएको छ ।
- कर संकलन लाई प्रविधी मैत्री र पारदर्शी बनाउन अनलाईन मार्फत कर संकलन गर्ने कार्य प्रारम्भ गरिएको छ ।
- सामाजिक समावेशिकरणको नीति अनुरुप अपांग एकल, अशक्त तथा आर्थिक रुपले विपन्न एवं लक्षित समुहका महिलाहरुलाई विभिन्न सिपमूलक तालिम सञ्चालन गरी स्वरोजगार प्रबर्द्धन गरिएको छ ।
- लेकमवासीको खानेपानीको समस्यालाई निराकरण गर्न सिराड दमसैना लेकाईजर खानेपानी र टकना खानेपानी योजना निर्माण गरि खानेपानीको पहुचलाई वृद्धि गरिएको छ ।

- किसानहरुको समस्यालाई मध्यनजर गर्दै विभिन्न कृषि यान्त्रिकरण अनुदान कार्यक्रम मार्फत कृषि उपकरण तथा पोलिहाउस वितरण गरिएको छ ।
- लेकम गाउँपालिकाका स्वास्थ्य संस्थाहरुमा सुरक्षित गर्भपतन कार्य सुरु भएको छ ।
- लघु उद्यम कार्यलाई प्रभावकारी बनाउन सिपमूलक तालिम र यान्त्रिकरण अनुदान उपलब्ध गरी रोजगारी वृद्वि गरिएको छ ।
- विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान कार्यलाई अन्तिम चरणमा पुर्याइएको छ ।
- यस आ.व.२०८०/०८१ म प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ७८ जना वेरोजगार व्यक्तिहरु न्यूनतम रोजगारीमा संलग्न भएका छन् यस कार्यक्रमबाट सञ्चालित आयोजनाहरुबाट११कि.मि. सोलिङ्ग बाटो, दुईवटा विद्यालयहरुमा घेर पर्खाल र एउटा धार्मिक स्थलमा घेर पर्खाल निर्माण गरिएको छ ।
- राष्ट्रपति सुत्केरी उद्दार कार्यक्रम मार्फत लेकमका ३ जना सुत्केरीहरुलाई हेलिकप्टर मार्फत उद्दार गरिएको छ ।
- लेकम गाउँपालिकालाई पूर्ण विद्युतिकरण गर्नका लागी विद्युतीकरण हुन बाकी रहेका वडाहरुमा विद्युत जडान गर्ने कार्यलाई निरन्तर रुपमा अगाडी बढाएको छ ।
- लेकमका विभिन्न स्थानमा आवतजावतमा रहेको समस्यालाई समाधान गर्न झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिदै ४ वटा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न गरिएको र बाकी झोलुङ्गे पुलहरु निर्माणाधीन रहेका छन ।
- सहिद सम्मान कार्यक्रम अर्नतगत ३ जना सहिदहरलाई सम्मान गरिएको छ ।
- विपद व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन दीर्घरोगी, क्यान्सर पिडित, दुर्घटना परेका तथा विपदको प्रकृति हेरी राहत वितरण गरिएको छ ।
- टुहुरा वालवालिका र एकल पुरष भत्ता वितरण प्रदान गरिएको छ ।

यि सबै उपलब्धी हासिल गर्न यहाँहरुको सुझबुझपूर्ण व्यवहार गाउँवासीहरुको सहयोगबाट नै हो भन्ने मलाई लाग्छ । राजनितिक रुपमा हामी जहाँ भए पनि लेकम गाउँपालिकाको विकास र समृद्धि, सेवा प्रवाह र सुशासनका लागी हामी एकै छौ भन्ने भावनाले गर्दा समन्वय र सहकार्य अभिवृद्धि भई सरकारले लिएका वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा सहजता हुन पुगेको छ । आगामी दिनहरुमा समेत हामी सबैको प्रयास र प्रयत्न यसैमा समर्पित हुनेछ भन्ने विश्वास लिएको छु ।

उपस्थित महानुभावहरु,

लेकम गाउँपालिकाको पन्ध्रौं गाउँसभामा यस गाउँपालिकाको“ धार्मिक, सांस्कृतिक, पर्यटन र पुर्वाधारको विकास–सम्बृद्ध लेकमको लागि सुशासन र विकासमा हाम्रो प्रयास” सहितको दीर्घकालिन सोचमा आधारित नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

➢ **योजना तथा अनुगमन**

- चालु आ.व. २०८०/८१ मा गाउँपालिकाको आवधिक योजना तर्जुमा सम्बन्धी कार्य भइरहेकोले सो सम्पन्न भएपश्चात आवधिक योजना (Periodic Plan ) बमोजिम मध्यमकालीन खर्च संरचना तयार गरी सोही अनुसार वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने व्यवस्था मिलाईने छ ।
- आयोजना बैंक निर्माण गरि आगामी आर्थिक वर्ष देखि सो बैंकबाट आयोजना छनौट गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको परिपाटी विकास गरिने छ ।
- सरकार सञ्चालनको लागी कार्ययोजना तयार गरी साउन १ गते देखि नै कार्यान्वयनमा ल्याईने छ ।

➢ **सडक तथा यातायत:**

- गोकुले लाली सडक खण्डमा भइरहेको स्तनोत्तरी कार्यलाई थप अगाडी बढाउदै आगमी आ.व. देखि १२ महिना संचालनमा ल्याउने प्रयास गरिनेछ ।

➢ **कृषि विकास शाखा तर्फ**

- कृषिहरुलाई हावापानी सुहाउँदो खालका तरकारी विउविभजन, हिउदे तथा वर्षे फलफुल विरुवाहरु सहज रुपमा आपूर्ति वितरण गरिनेछ ।
- आ.व. २०८१/०८२ देखि सञ्चालन हुन लागेको नाफा प्रोजेक्ट (पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास परियोजना) लाई सञ्चालनमा ल्याइ विशेष पकेट कार्यक्रम चलाइने छ ।
- माटोको उर्वराशक्ति बढाउन गंडयौला मल उत्पादन कार्यक्रम लागु गरिनेछ ।
- विभिन्न वाली वस्तुहरुमा देखिएको रोग, किरा तथा अन्य प्रतिकुल मौसमको कारणले हुने क्षति न्यूनिकरण गर्न विरुवालाई आवश्यक पर्ने खाद्यतत्व, विभिन्न विषादीको (जैविक एवं अजैविक) सहज रुपमा उपलब्ध गरिनेछ ।
- आवश्यक्ता अनुसार कृषकहरुका लागि प्लाष्टिक घर निर्माणको लागि अनुदानको व्यवस्था गरिनेछ ।
- पालिका भित्र रहेका वास्तविक गरिव, दलित एवं एकल महिलाहरुलाई विशेष कृषि कार्यक्रम सँग जोडी जिविकोपार्जन लक्षित सिपमूलक तालिम प्रदान गरी व्यवसायिकता तिर उन्मूख गराइनेछ ।

➢ **पशु सेवा शाखा तर्फ**

- पशु रोग निदान एंव रोग नियन्त्रण सेवालाई विस्तार एंव प्रभावकारी बनाईनेछ ।
- विभिन्न महामारी रोग बाट कृषकहरुको पशुपंन्छी क्षती न्युनिकरण गर्नको लागी खोप सेवा संचालनमा ल्याईनेछ ।
- डेरी व्यवस्थापन तथा मासु पसल सुधार कार्यक्रम संचालनमा ल्याइनेछ ।
- पशु पालन व्यवस्थित गर्न प्राकृतिक गर्भाधान सुधार कार्यक्रम संचालनमा ल्याइनेछ ।
- असल पशु पालन अभ्यास कार्यक्रम संचालनमा ल्याइने छ ।

- **लघु उद्यम विकास तर्फ**
    - उद्यम शिलता मार्फत बेरोजगारी न्यूनिकरण तथा रोजगारी सृजना गर्ने उद्धेश्यलाई मध्यनजर गर्दै उद्यम विकास शाखाको सवलिकरण गरिनेछ ।
    - गाउँपालिका भित्र रहेको सम्पुर्ण उद्यमी व्यवसायिहरुलाई व्यवसाय दर्ता प्रकृयामा ल्याईने व्यवस्था मिलाइनेछ ।
    - गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको नीति अनुसार उद्यमीहरुलाई लागत साझेदारीको आधारमा प्रविधी हस्तान्तरण गरिनेछ ।
    - स्थानीय उत्पादनमा अधारीत कच्चा पदार्थहरुको निजी क्षेत्रहरुको सहकार्यमा प्रशोधान गरी बजारीकरण गरिनेछ ।
    - उद्यम व्यवसाय गरी रहेका उद्यमीहरु लाई सिप विकास तालिम तथा प्रविधी हस्तान्तरण गरिनेछ ।

- **संस्कृति तथा पर्यटन**
    - गाउँपालिका भित्र पर्यटकीय सम्भावना बोकेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक स्थलहरुको संरक्षण सम्बर्द्धन गरि पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।
    - यस स्थानीयतह भित्र पर्यटनको सम्भावन बोकेका मूख्य क्षेत्रहरुको पहिचान गरी विकास र पचार प्रसार मार्फत निजी क्षेत्रलाई प्रोत्साहन गरी पर्यटकीय हब बनाउन प्रबान्ध गरिने छ ।
    - लेकम गाउँपालिका भित्रका मुख्य धार्मिक स्थालहरुमा मनाइने गौरा, खेडी, धौडी तथा अन्य जात्राहरुको वृत्तचित्र तयार गरी राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न आवश्यक पहल गरिनेछ ।

- **सहकारी तथा वित्तिय सेवा**
    - स्थानीय सहकारी संस्थाको दर्ता, परिचालन, प्रवद्धन तथा क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने नीति लिई कार्यक्रम संचालन गरिने छ ।
    - यस स्थानीयतह भित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुको विवरणलाई कोपोमिस (Copomis) प्रणालिमाआबद्ध हुनको लागि प्रेरित गरी आवश्यक पहल गरिनेछ ।

- **रोजगार सेवा केन्द्र तर्फः**
    - यस आ.व. २०८०/०८१ मा लेकम गाउँपालिकाको रोजगार रणनीति तर्जुमा निर्माण कार्य अन्तिम चरणमा रहेकोले आगमी आ.व.२०८१/०८२ देखि कार्यन्वयनमा ल्याइने छ ।
    - प्रधानमन्त्री रोजगार कार्यक्रमबाट हुने विकास निर्माण कार्यलाई दिगो, गुण्स्तरिय र प्रभावकारी बनाउन आवश्यक प्रबन्ध गरिनेछ ।
    - रोजगार बैंकको स्थापना गरी रोजगारी अभिबृद्धीलाई अभिप्रेरित गरिनेछ ।

- गाउँपालिका भित्रका व्यक्तिहरु सँग भएको सिप विवरण संकलन गरी सिप अनुसारको जव म्याचिङ्ग र रिफरल सेवा प्रदान गरिनेछ ।
- विकास निर्माणका कार्यहरुमा सूचिकृत वेरोजगारहरुलाई निर्माण व्यवसाय लगायत रोजगार दाताहरुको सहकार्यमा रोजगारीमा अवद्ध गरिनेछ ।

## ❖ सामाजिक क्षेत्र

### ➢ शिक्षा

- गाउँपालिका अर्न्तगत सञ्चालित सामुदायिक विद्यालयको न्यूनतम भौतिक पूर्वाधार निर्माण गरी पठनपाठनमा सहजता पुर्याउन प्राथामिकताका आधारमा कम्तीमा ५ वटा विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ ।
- सूचना तथा प्रविधिको प्रयोग सहित विद्यालयलाई स्मार्ट पद्धतिमा लैजान गाउँपालिकाभित्र रहेका आवश्यकता अनुसार विद्यालयमा कम्प्युटर र प्रिन्टर प्रदान गरिनेछ ।
- वालविकास सवलीकरण तथा नमूना वालविकास केन्द्र निर्माण गर्ने नीति अनुरुप ६ वटा वालविकास केन्द्रलाई सबलीकरण गर्दै नमूना बालबिकास केन्द्रको रुपमा विकास गरिनेछ ।
- विद्यालय उमेर देखि विद्यार्थीको प्रतिभा पहिचान गरी प्रोत्साहन प्रदान गर्ने उद्देश्यले वडागत र पालिका स्तरीय वाल प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।
- वालवालिकाको सिकाईमा चासो वृद्धि गरी शैक्षिक गुणस्तरमा टेवा पुर्याउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- “म बनाउछु मेरो आफ्नै सामग्री, अध्यापन गराउछु भई निस्फ्रकी” भन्ने कथनका साथ स्वयम् शैक्षिक सामग्री निर्माण गरी शिक्षकले बढीभन्दा बढी प्रयोग गर्ने पद्धति वृद्धि गर्न शैक्षिक निर्माण कार्यशाला सञ्चालन गरिनेछ ।
- पेशागत सम्मान तथा उत्प्रेरणा विकास गरी पेशाप्रति लगनशिल र उत्प्रेरित बनाइराख्न उत्कृष्ट प्रधानाध्यापक शिक्षक विद्यार्थी र विद्यालयलाई तोकिएको मापदण्डका आधारमा पुरस्कृत गरिनेछ ।
- “योग गरौ स्वस्थ रहौँ” भन्ने नाराका साथ विद्यालय तहदेखि नै योग अभ्यासलाई अनिवार्य रुपमा लागु गर्ने प्रत्येक दिन विद्यालयको प्राथाना समयमा योग गर्ने बानीको विकास गरिनेछ ।
- आधरभुत तह कक्षा १-३ सम्मको बसाई व्यवस्थापनलाई सहज बनाई बाल मनोविज्ञान अनुरुप अध्यापन गराउने उद्देश्यले आधारभुत वालकक्षा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- “स्वास्थ्यका लागी खेलकुद, राष्ट्रका लागी खेलकुद” भन्ने नारालाई सार्थक बनाउन विद्यालय उमेरका वालवालिकाहरुका लागी वडागत र पालिकागत खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।
- विद्यालय स्वास्थ्य, पोषण तथा सरसफाई र दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

- **स्वास्थ्य**

  - पालिकाको भगौलिक अवस्थालाई ध्यानमा राखी नागरिकको चिकित्सक संगको चिकित्सकिय सेवाको पहुँचको सुनिश्चितताको लागि स्मार्ट हेल्थ संचालन गरिनेछ ।
  - पालिकाको १० सैश्याको अस्पताल निर्माण कार्यलाई आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरि आवश्यक पहल गरिने छ ।
  - पालिका भित्रका स्वास्थ्य चौकीमा संचालन हुदै आएको प्रयोगशाला सेवालाई थप प्रभावकारी एंव गुणस्तरिय रुपमा संचालन गरिनेछ ।
  - स्वास्थ्य संस्थाहरुको सेवा प्रभावकारी र गुणस्तर वढाउन दरवन्दी अनुसारको पदपुर्ति सुनिश्चता गरिनेछ।
  - भौगोलिक अवस्थालाई ध्यानमा राखी प्रत्येक वडामा विषेशज्ञ सेवा सहितको जेष्ठ नागरिक हरुको लागि चिकित्सकीय शिविर संचालन गरिनेछ।
  - विद्यालयमा अध्यनरत वालवालिकाहरुको स्वास्थ्यलाई ध्यानमा राखी विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
  - स्थानिय तहमा स्वास्थ्य संस्था संचालन निर्देशिका अवलम्वन गरिने छ ।
  - नियमिति औषधि र गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह लागि औषधिको व्यववस्थापन गरिने छ ।
  - गर्भवति तथा सुत्केरी महिलाहरुलाई निशुल्क एम्वुलेन्सको सुविधा उपलव्ध गराईने छ ।
  - नसर्ने रोग स्किनिङ् तथा उपचारको लागि विशेषज्ञ चिकित्सकिय सेवा सहितको घुम्ती शिविर संचालन गरिने छ ।
  - स्थानिय तहमा पोषण अवस्था सुधार गर्न लक्षित समुह पहिचान र संचालन पोषण लक्षित कार्यक्रम तर्जुमा गरी आवश्यक वजेटको व्यवस्थापन गरिने छ ।
  - किट जन्य रोग पहिचान निवारण तथा उपचारको लागि स्वास्थ्यकर्मी जनप्रतिनिधि हरुलाई अभिमुखिकरण गरिने छ ।

- **खानेपानी तथा सरसफाइः**

  - गाउँपालिका भरिका खानेपानीका मूहानहरुको र ट्यङ्कीहरुको शुधता मापन गरी पानी स्वक्षता कार्यक्रम लागु गरिनेछ ।
  - खानेपानी तथा सरसफाई ईकाई पालिका स्तरमा राख्न पहल गरिनेछ ।
  - खानेपानिको दिर्घकालिन उपयोगलाइ मध्यनजर गर्दै खानेपानिका स्रोतहरुको पहिचान तथा संरक्षणमा विशेष जोड दिइनेछ ।
  - कुणी कुस्काडा लिफ्टिङ्ग खानेपानी योजनामा त्रिपक्षिय सझेदारी अनुसार स्थानीय सरकारले गर्नु पर्ने धारा जडान गर्ने र मिटर जडानका लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

## सामाजिक समावेशिकरण

- एकल महिलाहरुको जिवन स्तर सुधारका लागि उपाध्यक्ष एकल महिला सिप विकास कार्यक्रम संचालन गरिनेछ ।
- अपाङ्गगहरुको क्षमता अभिबृद्धि तथा सिपमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- टुहुरा बालबालिकाहरुलाई दिइदै आइरहेको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ ।
- बालक्लवमा संलग्न बालबालिकाहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकहरुको लागि सम्मानजनक कार्यक्रम सञ्चालन गर्न अध्यक्ष जेष्ठ नागरिक उपचार कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैङ्गिक हिँसा विरुद्धको अभियानलाई थप प्रभावकारीको रुपमा लागु गरिनेछ ।

## सूचना प्रविधि तथा संचारः

- गाउँपालिकाको कार्यालयमा डिजिटल बोर्ड जडान गरी डिजिटल डिस्प्ले मार्फत सेवा तह सूचना प्रमाणीलाई सरल र सहज बनाइनेछ ।
- विद्युत तथा इन्टरनेटको नियमित आपूर्तिको लागि आवश्यक प्रबन्ध गरिनेछ ।
- गाउँपालिकाको सूचना प्रविधि प्रणालीहरु Website, Mobile App, Smart Help Desk आदिलाई अनिवार्य रुपमा अवलम्बन गर्ने तथा समयानुकुल अद्यावधिक गरिनेछ ।
- डिजिटल प्रोफाइलमा समावेश भएका घरधुरीहरुलाई अद्यावधिक गरिनेछ ।

## भूमी व्यवस्था

- लेकम गाउँपालिका भित्र रहेका छुट मुक्तहलियाहरुको लगत संकलन कार्यलाइ कार्यान्वय गरि कार्यविधि २०८० बमोजिम मुक्त हलिया पहिचान गरि प्रकृया अगाडि बढाईने छ ।
- पहिचान भएका निवेदक हलियाहरुको लेकम गाउँपालिकाले निर्माण गरेको मुक्त हलिया कार्यबिधि २०८० बमोजिम परिचय पत्र वितरणका लागि पहल गरिने छ ।
- मुक्त हलियाहरुको आर्थीक अवस्था सुधार गर्न सीपमुलक तथा आय आर्जनका कार्यक्रम संचालन गरिने छन ।
- परिचय पत्र प्राप्त हलियाहरुका लागि सघीय सरकार,प्रदेश सरकार तथा अन्य निकाय सँग राहतका लागि प्रकृया थालिने गरिने छ ।

➢ **जलस्रोत तथा सिचाँइः**

- पोखरी निमार्ण, कुलो तथा नहर निर्माण र मर्मत जस्ता उपायवाट संघ, प्रदेश र स्थानीयतहको सहकार्यमा सबै कृषि योग्य क्षेत्रमा नियमित रुपमा सिचाँइ गर्ने व्यवस्था गरिनेछ ।
- सिंचाईका लागि मुहानको सम्भाव्यता हेरी संघीय तथा प्रदेश सरकारको सहकार्यमा लिफ्टिङ सिचाइ योजनाहरु संचालनमा ल्याउन आवश्यक पहल गरिनेछ।

➢ **विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन**

- विपद व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा व्यवस्थापन गरी विपतमा राहत, उद्धार तथा पुन-स्थापनाका लागि वित्तिय तथा कानुनी व्यवस्थालाई सुदृडिकरण गरिनेछ।
- सुत्केरी, ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक, सुत्केरी हुन लागेका तथा आकस्मिक दुर्घटनामा परेका व्यक्तिहरुको उपचारका लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गरिनेछ।
- विपत सामग्रीहरुको भण्डारण तथा व्यवस्थापन गरी अपतकालित सञ्चालन केन्द्र व्यवस्थापनका लागि सिमा प्रहरी चौकी लाली, इलाक प्रहरी कार्यालय रिठाचौपाता र प्रहरी चौकी रातामाटा सँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।
- विपत व्यवस्थापनका लागि आवश्यक पर्ने विपद सामग्रीहरु सम्बन्धित निकायलाई उपलब्ध गराइनेछ।

➢ **राजश्व सम्बन्धि नीतिः**

- आन्तरिक आयका नयाँ र स्थायी श्रोतहरुको खोजी गरिने नीति लिइनेछ।
- राजस्व प्रशासनलाई चुस्तदुरुस्त बनाइ कर आधारको संरक्षण गरि करको दर भन्दा दायरा फराकिलो बनाउदै कर चुहावटलाई नियन्त्रण गरिनेछ। साथै गाउँपालिकाबाट हुने सबै भुक्तानी विद्युतीय माध्यमबाट गरिनेछ।
- करदाताहरुमा कर तिर्ने भावनाको विकास गराउन करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- दर्ता गरिएका तथा दर्ता हुन बाँकी उद्यमहरुलाई दर्ता प्रकृयामा ल्याई राजश्व संकलनको दायर फराकिलो बनाईनेछ।
- वातावरणीय प्रभाव मूल्यांकन कार्यलाई आर्थिक वर्षको सुरुवात बाटै कार्यान्बयनमा ल्याईआगामी आर्थिक वर्ष देखि प्रकृतिक स्रोतबाट राजस्व संकलन गरिनेछ।

➢ **सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह**

- गाँउपालिकाको आवधिक योजना निर्माण अन्तिमचरणमा भएकोले यस कार्यलाई योजनाबद्ध बनाई कार्यन्वयनमा ल्याइनेछ।
- कर्मचारी प्रशासनलाई व्यवस्थित बनाउन गाउँपालिका र यस मातहतका कार्यालयहरुमा ई-हाजिरीको व्यवस्था गरिनेछ।
- कर्मचारीहरुको र जनप्रतिनिधिहरुको क्षमता विकासका लागि विभिन्न तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ।

- आवश्यकता, औचित्यता, स्रोतको सुनिश्चितता र दरबन्दी तेरिज समेतलाई ख्याल गरी करार सेवा तथा ज्यालादारी कर्मचारीहरुको सम्झौता नवीकरण गरिनेछ ।
- छिटो छरितो र प्रभावकारी सेवा प्रवाहलाई मध्यनजर गर्दै हेल्प डेस्क, गुनासो पेटिका, विद्युतिय सुचना पार्टी तथा अन्य E-Governance का साधनहरुलाइ लागु गरिनेछ ।
- जनप्रतिनिधि विषयगत समितिका पदाधिकारीहरु, कर्मचारीहरु तथा उपभोक्त समितिका पदाधिकाहरुको क्षमता विकास गर्न समसामयिक विषयवस्तुका सन्दर्भमा तालिमको व्यवस्था मिलाईने छ ।
- कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनलाई वैज्ञानिक र व्यवस्थित वनाउन प्रत्येक शाखा तथा कर्मचारीहरुको कार्यसम्पादन सम्झौता गरि कार्यान्वयनमा ल्याईनेछ ।

➢ **न्यायिक कार्य सम्बन्धी व्यवस्था**

- न्यायिक समितिको कार्यलाई व्यवस्थित तथा न्यायोचित र निश्पक्ष गरिनेछ ।
- सामाजिक मेलमिलापकर्ताहरुको प्रत्येक वडाहरुमा सूचिकरण गरिनेछ ।
- समूदाय स्तरमा न्यायिक सचेतना कार्यक्रम लागु गरिनेछ ।

➢ **सामाजिक सुरक्षा तथा पञ्जीकरण**

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी, आधुनिक प्रविधिमा आधारित र जनताको पहुँच तथा सहभागितालाई सुनिश्चित गर्न प्रणालीगत सुधारका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- आ.व.२०८१/०८२देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुको पहिचान तथा नविकरणमा सहजता र पारदर्शिता तथा भत्ता वितरणको कार्यलाई थप प्रभावकारी बनाउन राष्ट्रिय परिचयपत्र नम्बरको माध्यमबाट बायोमेटिक भेरिफिकेशन गरिनेछ । सो कार्यलाई सहजीकरण गर्न सबै वडा तथा सेवा ईकाइको लागी बायोमेट्रिक भेरिफिकेशन डिभाइसको व्यवस्थापन गरिनेछ ।
- ६ वटै वडा कार्यालयहरुमा सञ्चालन भइरहेको सामाजिक सुरक्षा भत्ता वितरण शिविर लाई निरन्तरता दिइनेछ ।
- व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाभत्ता वितरण प्रणालीलाई पारदर्शी बनाई लाभग्राहीको पहुँच विस्तार गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्तालाई थप प्रभावकारी बनाउन सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा ईकाइलाई आवश्यक बजेट विनियोजन गरी निरन्तरता दिइनेछ ।
- विद्युतीय माध्यमबाट सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई निरन्तरता गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरणमा जनसहभागिता तथा जवाफदेहीता बढाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ । स्थानीय तहमा आवश्यक पर्ने संस्थागत सुदृढीकरण गरिनेछ ।

**अन्त्यमा,**

लेकम गाँउपालिकालाई जनअपेक्षा अनुरुपको सशक्त र प्रभावकारी स्थानीय सरकारको रुपमा विकास गर्न आवश्यक सहयोग गर्ने नेपाल सरकार, प्रदेश सरकार, जनप्रतिनिधी, विकास साझेदारहरु, विज्ञ सल्लाहकार समूहहरु, निजी क्षेत्र, नागरिक समाज, विभिन्न संघ संस्था सुरक्षाकर्मी, पत्रकार, लेकमवासी, वुद्धिजिवी र कर्मचारी वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यबाद

रामदत्त जोशी

गाउँपालिकाअध्यक्ष

२०८१ असार १०, सोमवार

संशोधन सहित स्वीकृत मितिः २०८१ असार १२, बुधवार